# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government. of Nepal)

पत्र संख्या : २०८२/८३
च.नं.२०१९

मिति : २०८३/०२/०७

श्री ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड (GBLBS),
बुटवल, रुपन्देही ।

विषय: जवाफ पेश गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकृत त्यस कम्पनीको सञ्चालक समितिको बैठक मिति २०८३/०२/०३ गते बिहान ७:०० बजे बसि बैठकले आ.व.२०८१/८२ को कम्पनीको वार्षिक साधारण सभा गर्ने, कम्पनीको शेयर दाखिल खारेज गर्ने र कम्पनीले लाभांश दिने वा नदिने घोषणा उल्लेख नगरिएको सहितको सूचना तथा जानकारी NEPSE को NOTS मा मिति २०८३/०२/०७ गते बिहान ९:३३ बजे ३ (तिन) कारोबार दिन पश्चात News Upload गरेको देखियो । धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम २२(१) मा भएको व्यवस्थां बमोजिम धितोपत्रको मूल्यमा प्रभाव पार्ने सूचना, जानकारी तथा निर्णय सिर्जना भएमा सोही दिन वा भोलिपल्ट कारोबार खुल्नु अघि (१०:३० बजे भित्र) सम्वन्धित सूचीकृत संगठित संस्थाले NEPSE को NOTS मा News Upload गर्नुपर्ने छ भन्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था विपरितको कार्य गरेको देखिएकोले के कति कारणवाट ३ (तिन) कारोबार दिन पश्चात मात्र NEPSE को NOTS मा सूचना तथा जानकारी Upload भएको हो ? यो पत्र प्राप्त भएको मितिले ३ (तिन) कार्य दिन भित्र जवाफ पेश गर्न निर्णयानुसार जानकारी गराईन्छ ।

**बोधार्थ:**

१. श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से ।

भवदीय,

सुरेश जोशी
सहायक प्रवन्धक
सूचीकरण शाखा